भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :-२०७७/७८ मिति :- २०७७/१२/२४

च.नं.:-१८८२

विषय :- सुचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारबाट शसर्त हस्तान्तरित कार्यक्रम अनुसार स्थानिय तह मार्फत संचालन हुने कोभिड विशेष कृषि कार्यक्रम तर्फ साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम र एक स्थानीय तह एक उत्पादन (तरकारी) कार्यक्रम सुचना थान तीन (३) त्यहाँ वडा कार्यालको सुचना पाटीमा टाँस गरी वडाबासी कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

२०७७/१२/२४

.........................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

## एक स्थानीय तह एक उत्पादन (तरकारी) कार्यक्रममा अनुदान माग सम्बन्धि सुचना ।
**प्रथम पटक प्रकाशित मिति :- २०७७/१२/२४**

प्रस्तुत विषयमा भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारबाट शसर्त हस्तान्तरीत कार्यक्रम अनुसार स्थानिय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम तर्फ एक स्थानीय तह एक उत्पादन (तरकारी) कार्यक्रममामा अनुदान कार्यक्रम सन्चालन गर्नुपर्ने भएकोले भूमे गाउँपालिका भित्रका कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले तपशिलका आवश्यक कागजातहरु सहित सुचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७८/०१/०८ गत्ते) भित्र भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा माग गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| क्र.सं. | विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १. | एक स्थानीय तह एक उत्पादन (तरकारी) कार्यक्रम | व्यक्तिगत कृषक/निजी कृषि फार्मको हकमा कृषि सामाग्री खरिद गरेको बिल रकमको ५० प्रतिशतले अधिकतम रु.२०,०००।— सम्म र कृषक समूह/कृषि सहकारी संस्थाको हकमा कुल कृषि सामाग्री खरिद गरेको बिल रकमको तथा लागतको ५० प्रतिशतले अधिकतम रु.१०,००,०००।— सम्म मात्र पाईनेछ । | |

नोटः- खर्चको मापदण्ड- व्यक्तिगत कृषक/निजी कृषि फार्मले आवश्यक कृषि सामाग्री बीउ, जैविक मल, जैविक विषादी, स-साना कृषि औजार, बाली संरक्षण सामाग्री, थोपा सिंचाई, प्लाष्टिक घर खरिद र कृषक समूह/कृषि सहकारी संस्थाले कृषि सम्बन्धि यन्त्र उपकरण खरिद वा पूर्वाधार निर्माण (सामूहिक/सहकारी खेती/सामूहिक वा सहकारी सिंचाई/चक्लाबन्दी खेती/संकलन केन्द्र निर्माण/चिलिङ्ग भ्याट/बाली रोप्ने कटानी चुटनी तथा प्रशोधन यन्त्र उपकरण खरिद आदि)को खरिद बिल तथा कुल लागतको ५० प्रतिशत मात्र भुक्तानी हुने ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाले भरेको अनुसूची-३, अनुसारको आवेदन पत्र ।
- कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाले भरेको अनुसूची-४, अनुसारको कार्यक्रम प्रस्तावको ढाँचा
- कृषकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको प्रतिलिपी ।
- निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्थाको निर्णयको प्रतिलिपी ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त व्यहोरा लेखिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

सम्पर्कको लागिः

१. ना.प्रा.स. विशाल पुन मगर :- ९८१३६०८६९६, ९८०१३३२३३५

२. ना.प्रा.स. शिखर विश्वकर्मा :- ९८०६२९११२५

............................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत